# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

२०७४ चैत्र २१

**आयोगद्वारा काठमाण्डौं उपत्यकाका महानगरीय प्रहरी परिसर तथा वृत्तहरूको आकस्मिक अनुगमन**

राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य मोहना अन्सारीको नेतृत्वमा खटिएको टोलीले मिति २०७४ चैत्र १९ गते काठमाण्डौं उपत्यकाका महानगरीय प्रहरी परिसर टेकु, महिला तथा बालबालिका सेवा केन्द्र कालीमाटी, महानगरीय प्रहरी वृत्त दरबारमार्गको आकस्मिक अनुगमन गरेको छ ।

जर्बजस्ती करणी र यौनजन्य दुर्व्यवहार जस्ता महिला विरुद्ध हुने हिंसाका घटनाहरूको अनुसन्धान तथा कारबाही प्रक्रियामा महत्वपूण भूमिका रहने प्रहरी कार्यालयहरूको भुमिका तथा प्रभावकारीता सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगमा प्राप्त जनगुनासाहरूलाई संवोधन गर्ने सन्दर्भमा उक्त अनुगमन गरिएको हो । टोलीले अनुगमनको क्रममा प्रहरी कार्यालयस्थलमै पुगेर कार्यालय प्रमुख, अपराध अनुसन्धान शाखामा कार्यरत कर्मचारीहरु तथा तहाँ उपस्थित सर्व साधारण सेवाग्राहीहरूसँग सोधपुछ तथा छलफल गरेको थियो ।

अनुगमनको क्रममा प्राप्त तथ्य अनुसार प्रहरी कार्यालयहरु अव्यवस्थित रहेको, पीडितलाई आवश्यक परामर्श दिनका लागि निर्माण गरिएको परमर्श कक्ष व्यवस्थित नभएको, जानकारीको लागि राखिएको बोर्ड सर्वसाधारणको पहुँचमा नभएको, सर्वसाधारणको सहयोगको लागि स्थापना गरिने सोधपुछ कक्षमा महिला कर्मचारीको उपस्थिति नरहेको एवं सर्वसाधारणको पहुँचमा नभएको, यौनजन्य हिंसाका घटनाहरुमा प्रहरीबाट परामर्श प्रदान गरी मेलमिलाप गराउने गरेको पाईयो । यौनजन्य हिंसाका घटनाहरुमा प्रारम्भिक अनुसन्धान गर्ने र उजुरी दर्ता गर्ने प्रहरी कार्यालय, मुद्दा हेर्ने सरकारी वकीलको कार्यालय र फैसला गर्ने अदालत वीच समन्वयको अभाव रहेको अनुगमनको क्रममा पाईयो ।

अतः यौनजन्य हिंसा जस्तो गम्भीर प्रकृतिको मानव अधिकार उल्लंघनका घटनाहरूको अनुसन्धान तथा कारबाही प्रक्रियामा महत्वपूर्ण भूमिका रहने प्रहरी कार्यालयहरुलाई व्यवस्थित र पीडित मैत्री बनाई हिंसापीडित महिलाहरूको न्यायमा पहुँच अभिवृद्धि हुनुपर्ने देखिन्छ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org